❐ वर्ष : २६ ❐ अंक : ५० ❐ शुक्रवार, ४ मंसिर, २०८३ ❐ Friday, 20 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

४९ भाषा बोलिने कर्णालीमा भाषासम्बन्धी कानुन शून्य

नेपाली भाषाको वर्चस्व कायमै, खस र मगर भाषाले सरकारी मान्यता पाउन सकेनन्, संविधान जारी भएको वर्षौं बित्दा पनि प्रदेश सरकार मौन ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३ मंसिर

भाषिक विविधताले समृद्ध कर्णाली प्रदेशमा सरकारी कामकाजको भाषा निर्धारणसम्बन्धी कानुन अझै बन्न सकेको छैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार ४९ वटा भाषा बोलिने यस प्रदेशमा नेपालीबाहेक अन्य भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने संवैधानिक व्यवस्था कार्यान्वयनमा आउन नसकेको हो । संविधानले प्रदेशलाई दिएको भाषासम्बन्धी अधिकार प्रदेश सरकारले कानुन बनाएर प्रयोगमा ल्याउन नसक्दा भाषिक पहिचान र अधिकारको प्रश्न अदालतसम्म पुगेको छ ।

नेपाली भाषाका अतिरिक्त खस र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउन माग गर्दै उच्च अदालत सुर्खेतमा सार्वजनिक सरोकारको रिट निवेदन दर्ता भएको छ । संविधान जारी भएको लामो समय बितिसक्दा पनि प्रदेश सरकारले सरकारी कामकाजको भाषा निर्धारणसम्बन्धी कानुन नबनाएको भन्दै अधिवक्ता शेरबहादुर खत्रीले प्रदेश सभाको चालु अधिवेशनबाटै भाषासम्बन्धी ऐन निर्माण गर्न परमादेश माग गरेका छन् ।

खत्रीले मंगलबार, १ मंसिर २०८३ मा दायर गरेको रिटमा कर्णालीको भाषिक बनोट, जनगणनाको तथ्याङ्क, ऐतिहासिक पहिचान र भाषा आयोगको सिफारिसलाई आधार बनाइएको छ । रिटमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सभा र प्रदेश सभा सचिवालयलाई विपक्षी बनाइएको छ ।



राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको कुल जनसंख्या १६ लाख ८८ हजार ४१२ छ । तीमध्ये १५ लाख १ सय ६१ जनाले नेपालीलाई मातृभाषाका रूपमा प्रयोग गर्छन् । यो कुल जनसंख्याको ८८.८५ प्रतिशत हो । नेपालीपछि सबैभन्दा धेरै बोलिने भाषा खस हो । जनगणनाअनुसार प्रदेशमा एक लाख सात हजार ८४ जना अर्थात् ६.३४ प्रतिशत नागरिकको मातृभाषा खस छ ।

त्यसैगरी मगर ढुट भाषा बोल्नेको संख्या २७ हजार ७२ अर्थात् १.६० प्रतिशत र मगर खाम भाषा बोल्नेको संख्या १३ हजार ५३५ अर्थात् ०.८० प्रतिशत छ । दुवै भाषालाई जोड्दा मगर भाषीको जनसंख्या ४० हजार ६०७ अर्थात् २.४० प्रतिशत पुग्छ ।

यी तथ्यांकले नेपालीपछि खस र मगर भाषा कर्णालीका उल्लेख्य भाषिक समुदायका भाषा भएको देखाउँछन् । तर सरकारी कामकाजको भाषाका रूपमा तिनको प्रयोग सुनिश्चित गर्ने कानुनी व्यवस्था भने प्रदेशमा छैन । अर्थात् नागरिकले आफ्नो मातृभाषा बोल्ने, संरक्षण गर्ने र त्यसमा आफ्नो पहिचान स्थापित गर्ने अधिकार संविधानबाट पाए पनि सरकारी कार्यालयको कामकाजमा ती भाषाको प्रयोग बाँकी पृष्ठ ३

सरकारी मान्यताको प्रतीक्षामा खस भाषा

कर्णालीको भाषिक बहस जनसंख्याको प्रतिशतमा मात्रै सीमित छैन । खस भाषा यस प्रदेशको ऐतिहासिक सभ्यता, सामाजिक विकास र सांस्कृतिक पहिचानसँग जोडिएको भाषा हो ।

खस सभ्यताको उद्गमस्थलका रूपमा परिचित कर्णालीमा खस भाषाको ऐतिहासिक महत्वलाई सरकारी मान्यतासँग जोड्नुपर्ने निवेदकको तर्क छ । उनको मागमा खस भाषालाई सरकारी कामकाजमा स्थान दिनु भाषिक सुविधाको विषय नभई ऐतिहासिक पहिचानको संरक्षणसमेत भएको उल्लेख छ ।

त्यस्तै, मगर समुदायको भाषिक पहिचानलाई पनि सरकारी संरचनामा स्थान दिनुपर्ने माग गरिएको छ । मगर ढुट र मगर खाम बोल्ने नागरिकको संख्या जोड्दा ४० हजारभन्दा बढी पुग्ने भएकाले यस समुदायको भाषिक अधिकारलाई नीतिगत रूपमा सम्बोधन गर्नुपर्ने निवेदनमा उल्लेख छ ।

कर्णालीलाई भाषिक रूपमा एकरूप प्रदेशका रूपमा हेर्न सकिँदैन । राष्ट्रिय जनगणना २०७८ ले यहाँ ४९ वटा भाषा बोलिने तथ्य सार्वजनिक गरेको छ । हिमाली बाँकी पृष्ठ २

अधिकार छ, कानुन छैन

नेपालको संविधानको धारा ७ को उपधारा (२) ले नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने व्यवस्था गरेको छ । यस व्यवस्थाले प्रदेशलाई आफ्नो भाषिक अवस्था र आवश्यकताअनुसार सरकारी कामकाजको भाषा निर्धारण गर्ने अधिकार दिएको छ । तर त्यसका लागि प्रदेश कानुन आवश्यक हुन्छ । संविधानको धारा ३२ ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने तथा भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने मौलिक हक सुनिश्चित गरेको छ ।

त्यस्तै, अनुसूची-६ को क्रमसंख्या १८ मा भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण तथा प्रयोगलाई प्रदेशको एकल अधिकार सूचीमा राखिएको छ । यसरी संविधानले भाषिक अधिकारको संरक्षणसँगै प्रदेशलाई कानुनी तथा नीतिगत व्यवस्था निर्माण गर्ने जिम्मेवारी पनि दिएको छ । तर कर्णालीमा सरकारी कामकाजको भाषासम्बन्धी ऐन नबन्दा संवैधानिक प्रावधान व्यवहारमा रूपान्तरण हुन नसकेको निवेदकको दाबी छ ।

रिट निवेदनमा बाँकी पृष्ठ २

प्रधानमन्त्रीको भारत भ्रमणमा दर्जनभन्दा बढी सम्झौता हुने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ मंसिर

भारतीय समकक्षी नरेन्द्र मोदीको औपचारिक निमन्त्रणमा ६ र ७ गते छिमेकी मुलुक भारतको भ्रमणमा जान लागेका प्रधानमन्त्री बालेन्द्र शाह ‘बालेनको भारत भ्रमणका क्रममा दर्जनभन्दा बढी सम्झौताहरू हुने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालय स्रोतका अनुसार दर्जनभन्दा बढी सम्झौता र त्यतिमै मात्रामा शिलान्यास पनि हुने भएका छन् ।

प्रधानमन्त्रीको शाहको भ्रमणमा दुई देशबिच आर्थिक सहकार्य, हवाई सम्पर्क तथा विकास आयोजनासम्बन्धी विभिन्न सम्झौता र समझदारी प्राथमिकतामा राखिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतले जानकारी दिएको छ । प्रधानमन्त्री शाह र भारतीय समकक्षी मोदीबिच आधा घण्टा वान टू वान वार्ता हुने र त्यसपछि हुने दुई पक्षीय वार्तामा प्रस्तावित आर्थिक प्याकेज, हवाई सम्पर्क र द्विपक्षीय सम्बन्धका विभिन्न विषयमा छलफल हुने भ्रमणको तयारीमा लागेका परराष्ट्र मन्त्रालयका ती अधिकारीले बताए । ‘आर्थिक प्याकेज, हवाई सम्पर्क र द्विपक्षीय सम्बन्धका विभिन्न विषयमा छलफलको तयारी छ,’ परराष्ट्रका ती अधिकारीले भने, ‘अझै सबै विषय टुङ्गिएका छैनन् । भोलि बिहानसम्म सबै विषय टुंग्याउनेगरी काम गरिरहेका छौं ।’

भ्रमणका क्रममा भारतीय आकाश हुँदै महेन्द्रनगर र भैरहवाबाट थप हवाई प्रवेश मार्ग उपलब्ध गराउने नेपालको मागका बारेमा भारत सकारात्मक देखिएको बताउँछन् ।

उपभोक्तालाई स्वच्छ मासु उपलब्ध गराउन सरकारले सक्रियता बढाउँदै

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ मंसिर

सरकारले मासुको स्वच्छता र उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै ‘पशु वधशाला र मासु जाँच ऐन, २०५५’ लाई कार्यान्वयनमा सक्रियता देखाएको छ ।

ऐन आएको २८ वर्षपछि पहिलो चरणमा काठमाडौं उपत्यकाबाट मासुको स्वच्छता र उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै नियमित रुपमा काठमाडौं उपत्यकामा रहेका बधशालाको अनुगमन तथा निरीक्षण गरिँदै आइरहेको छ ।

सङ्घीय सरकारले यही मङ्गलबारदेखि पहिलो चरणमा सो ऐन कार्यान्वयनमा ल्याएको हो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ तथा सूचना अधिकारी डा मणिरत्न अर्यालले मङ्गलबारदेखि पहिलो चरणमा मासु निरीक्षक खटाएर वधशाला तथा मासु पसलको अनुगमन गर्न थालिएको जानकारी दिए ।

“अहिले नियमित रुपमा मासु निरीक्षक खटिएर वधशालाको नियमित अनुगमन आवश्यक सुधारका लागि लागि चाल्नुपर्ने कदमका बारेमा जनचेतना जगाउँदै आइरहनुभएको छ”, उनले भने, “यो मानवको जनस्वास्थ्य र मासुको स्वच्छतासँग जोडिएको विषय भएकाले आआफ्नो ठाउँबाट सक्रिय भएर कार्यान्वयनमा लैजान आवश्यक छ ।”

उपभोक्ता अधिकार अनुसन्धानम मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले सरकारले मासुको स्वच्छता र उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै ‘पशु वधशाला र मासु जाँच ऐन,२०५५’लाई २८ वर्षपछि कार्यान्वयन गर्न खोज्नु सराहनीय पक्ष रहेको बताए । “अधिकांश वधशाला तथा मासु पसल ऐनअनुसार सञ्चालनमा आएका छैनन्”, उनले भने, “सरकारले वधशाला व्यवस्थित गर्दै उपभोक्ताले स्वच्छ मासु खान पाउने वातवारण तयार गर्न जरुरी छ ।

सुदूरपश्चिमका उद्योगले क्षमताको आधामात्रै उत्पादन गर्दै

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ मंसिर

सुदूरपश्चिम प्रदेशमा उद्योगहरूको उत्पादन बढ्न थाले पनि अधिकांश उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । नेपाल राष्ट्र बैंकको पछिल्लो अध्ययनअनुसार प्रदेशका नमुना छनोटमा परेका उद्योगले औसत ५१.२९ प्रतिशत मात्रै उत्पादन क्षमता उपयोग गरेका छन् ।

राष्ट्र बैंकले कात्तिकमा सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले प्रदेशका अधिकांश उद्योगको उत्पादनमा वृद्धि देखाएको छ । कङ्क्रिट, साबुन र जीआई तार उद्योगको उत्पादन भने घटेको छ । राष्ट्र बैंकले प्रदेशका खाने तेल, बिस्कुट, गहुँको पिठो, चामल, चिनी, साबुन, इँटा, कङ्क्रिट ब्लक, जीआई तार तथा रोजिन एन्ड टर्पेन्टाइनलगायत १४ वटा उद्योगको तथ्यांक अध्ययन गरेको थियो ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा गहुँको पिठोको उत्पादन १३७.१७ प्रतिशत र चिनीको उत्पादन १३४.६७ प्रतिशतले बढेको छ । त्यस्तै इँटाको उत्पादन शतप्रतिशत, रोजिनको २९.४८ प्रतिशत, चामलको ७.३९ प्रतिशत र तोरीको तेलको उत्पादन १.२७ प्रतिशतले वृद्धि भएको छ ।

स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट गराउन माग

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ मंसिर



गैरदलीय स्थानीय सरकार निर्माण अभियानले स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट गराउन माग गरेको छ । अभियानले सो निर्वाचनका लागि आवश्यक कानुनी व्यवस्था गर्न समेत निर्वाचन आयोगसँग माग गरेको छ ।

बिहीबार अभियानको नेतृत्वले प्रमुख निर्वाचन आयुक्तलाई ज्ञापनपत्र बुझाउँदै स्थानीय तह निर्वाचनमा राजनीतिक दलको चुनाव चिह्न र दलीय मनोनयन प्रणाली हटाउन आवश्यक कानुन संशोधनको मस्यौदा तत्काल तयार गर्न समेत आग्रह गरेको हो ।

आयोगले आगामी चैत ५ गते स्थानीय तहको निर्वाचन गर्ने प्रस्ताव गरेको जानकारी सञ्चारमाध्यमबाट प्राप्त भएको उल्लेख गर्दै अभियानले निर्वाचनअघि नै गैरदलीय प्रणाली सुनिश्चित गर्नुपर्ने जनाएको छ । मङ्सिर ४ गते हुने सर्वदलीय बैठकमा समेत यस विषयलाई प्रमुख एजेन्डा बनाउन अभियानले आग्रह गरेको छ ।

ज्ञापन पत्रमा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले दलीय भागबन्डा र गुटबन्दीबाट मुक्त हुनुपर्ने उल्लेख छ । गैरदलीय निर्वाचनले योग्यता, इमानदारी र सेवा भावका आधारमा नेतृत्व चयन गर्ने अवसर दिने तथा बाँकी पृष्ठ ४

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
शुक्रवार, ४ मंसिर, २०८३
Friday, 20 Nov 2026

सम्पादकीय

ग्यास उत्खननमा अग्रसरता देखाऊ

दैलेखको जलजलेमा प्राकृतिक ग्यासको ठूलो भण्डार रहेको सम्भावना सार्वजनिक भएसँगै मुलुकले ऊर्जा आत्मनिर्भरताको एउटा नयाँ सपना देखेको थियो । वर्षौंदेखि पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासका लागि विदेशी बजारमा निर्भर रहँदै आएको नेपालका लागि दैलेखको अन्वेषण एउटा खानीको खोजी मात्रै थिएन, बरू ऊर्जा क्षेत्रमा आत्मनिर्भर बन्ने सम्भावनाको ढोका थियो । तर, विडम्बनाको कुरा सम्भावनाको ढोका खुलेको संकेत देखिए पनि त्यसलाई उपलब्धिमा बदल्ने सरकारी तत्परता भने देखिएको छैन । चीनको जवाफ पर्खने नाममा दैलेखको ग्यास उत्खनन प्रक्रिया अनिश्चित बनेको छ । दैलेखमा गरिएको पहिलो चरणको अन्वेषणले प्राकृतिक ग्यासको उल्लेख्य भण्डार रहेको संकेत गरेको छ । यस्तो संवेदनशील राष्ट्रिय परियोजनामा सरकारको निष्क्रियता स्वीकार्य हुन सक्दैन ।

अध्ययनअनुसार जलजले क्षेत्रमा करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास रहेको अनुमान छ । चार हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ गरेर सम्पन्न गरिएको अध्ययन सामान्य प्रयास होइन । यसका लागि चीनको आर्थिक तथा प्राविधिक सहयोगमा तीन अर्ब रूपैयाँभन्दा बढी खर्च भइसकेको छ । जग्गा अधिग्रहणदेखि उपकरण ढुवानी र भौगोलिक कठिनाइबीच अन्वेषणको पहिलो चरण पूरा हुनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । तर, यति ठूलो लगानी र वर्षौंको प्रयासपछि पनि परियोजना दोस्रो चरणमा प्रवेश गर्न नसक्नु राज्यको कार्यक्षमतामाथि गम्भीर प्रश्न हो । अहिले परियोजना चीनबाट आउने जवाफको प्रतीक्षामा अड्किएको छ । दोस्रो चरणको कामका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग माग्दै पठाइएको पत्रको जवाफ नआएपछि सरकारले पुनः पत्राचार गरेको छ । तर, त्यसको पनि जवाफ आएको छैन ।

अन्तर्राष्ट्रिय सहकार्यमा कहिलेकाहीं ढिलाइ हुन सक्छ । राजनीतिक तथा कूटनीतिक परिस्थितिले पनि परियोजनामा प्रभाव पार्न सक्छ । तर, एउटा सार्वभौम मुलुकले आफ्नो राष्ट्रिय महत्त्वको परियोजनालाई अर्को देशको निर्णयको प्रतीक्षामा अनिश्चितकालसम्म राख्न मिल्दैन । चीनसँगको सहकार्य महत्वपूर्ण छ, तर नेपालको ऊर्जा भविष्य कुनै एक साझेदारको इच्छामा निर्भर हुनुहुँदैन । सरकारले बुझ्नुपर्ने मुख्य कुरा के हो भने दोस्रो चरणको परीक्षण नै दैलेखमा रहेको ग्यासको वास्तविक व्यावसायिक सम्भावना निर्धारण गर्ने निर्णायक चरण हो । ग्यासको गुणस्तर, भण्डारभित्रको चाप र उत्पादन क्षमता परीक्षण नगरी त्यसको व्यावसायिक उपयोगबारे निष्कर्ष निकाल्न सकिँदैन । त्यसैले अहिलेको प्राथमिकता यही परीक्षण तत्काल अघि बढाउनु हुनुपर्छ । चीनबाट सहयोग प्राप्त भए सोही सहकार्यमा काम अघि बढाउनुपर्छ । सहयोग प्राप्त नभए आफ्नै स्रोत, वैकल्पिक अन्तर्राष्ट्रिय साझेदार वा अन्य लगानी मोडेलमार्फत परियोजना अगाडि बढाउने निर्णय गर्न सरकारले ढिलाइ गर्नु हुँदैन ।

प्रमको भारत यात्रा:

कदम कदममा संयम र विवादित मुद्दामा विवेकपूर्ण अडान



✍ युवराज घिमिरे

सामान्यतः विदेश भ्रमणमा जानुपूर्व राष्ट्राध्यक्ष या कार्यकारी प्रमुखले त्यहाँ प्रस्तुत गर्ने एजेन्डा या लिने निर्णयबारे बृहत्तर सहमति या समर्थन निर्माण गर्ने अपेक्षा गरिन्छ । उपनिवेशविरुद्धको अभियान या संघर्षपछिको बृहत्तर चरणमा नेपालका राजाहरूद्वारा भएका औपचारिका विदेश भ्रमणमा नेपालको बृहत्तर हित, राष्ट्रिय स्वार्थ र सार्वभौम हैसियतका पक्षमा महत्त्वपूर्ण निर्णय लिइएका उदाहरण छन् । खसगरी ०४६ यताका कृष्णप्रसाद भट्टराई या त मनमोहन अधिकारी अनि केही हदसम्म केपी ओली र सुशील कोइरालाबाहेकका प्रधानमन्त्रीहरूले निकै अर्थमा मर्यादित रूपमा आफूलाई पेस गर्न सकेनन् ।

राष्ट्रपतिहरूबाट कूटनीतिक स्तरीयता कायम रह्यो भन्न सकिने अवस्था रहेन । भारतसँग सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धि संगठित आन्दोलन खेपिरहेका अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरका समयमा भएको थियो र मुलुकको हैसियत र स्वार्थमा सम्झौता गरेर भए पनि राणा वंशवाद बचाउने चाहना उनमा रहेको अनुमान गर्न सकिन्छ ।

तर, राजा महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रसँग औपचारिक या अनौपचारिक रूपमा दक्षिणबाट आएका प्रस्ताव या सुझावलाई उनीहरूले पटक-पटक राष्ट्रिय स्वार्थलाई केन्द्रमा राख्दै स्वीकार या अस्वीकार गरेका अनेक उदाहरण छन् ।

अन्यत्र र अर्को छिमेक चीनको भ्रमणमा पनि उनीहरूको प्राथमिकता राष्ट्रिय हित र स्वार्थ नै रह्यो । कोदारी राजमार्ग निर्माण, नेपालमा भौतिक पूर्वाधार निर्माणमा अमेरिका र चीनको संलग्नता अनि खासगरी आफ्नो सीमानाकापारि अर्थात् नेपालमा कुनै पनि बाह्य सहयोगमा निर्माणको १०० किमीभित्र प्रतिरोध गर्दै आएको भारतले विरोध नगर्ने गरी पूर्व-पश्चिम राजमार्ग निर्माणमा सोभियत संघको संलग्नता, राजसंस्थालाई पूर्ण समर्थन गरेबापत राजा वीरेन्द्र र ज्ञानेन्द्रसमक्ष नेपाललाई उसको सुरक्षा छातामुनि आउन र नेपालको जलस्रोतमा आफ्नो अग्राधिकारका लागि राखेका सर्तको ठाडै अस्वीकृति इतिहासमा अंकित उदाहरण हुन् ।

राजसंस्थालाई हटाइएको छ तर उसले स्थापित गरेका कूटनीतिक नजिर अनुकरणीय र प्रशंसनीय छन् । प्रधानमन्त्रीका रूपमा सन् १९६० मा चीन जाँदा उनको नेतृत्वको प्रतिनिधि मण्डलमा बाह्य स्वार्थ बोकेकाहरू पनि भएको चिनियाँ बुझाइका आधारमा माओ त्सेतुङले विशेश्वरप्रसाद कोइरालासँग एक्लै भेटी दुई पक्षीय सम्बन्धलाई अघि बढाउनेबारे कुरा गरेका थिए ।

यता आएर चीन-नेपाल सम्बन्धमा त्यही चासो र प्राथमिकता उत्तरको छ भन्नेबारे द्विविधा हुन सकिन्न किनकि नेपालको विदेशनीति सञ्चालनमा एउटा मुलुकसँगको 'डिलिङ' मा हामीले अर्को मुलुकको स्वार्थ घुसाउन थालेका छौं ।

सन् १९९१ डिसेम्बर ५ मा प्रधानमन्त्रीका रूपमा भारत पुग्दा गिरिजाप्रसाद कोइरालाले टनकपुर सन्धि गरी नेपालको संसद, प्रतिपक्ष र आमजनताबाट त्यससम्बन्धी सूचना लुकाएको र सर्वोच्च अदालतले त्यो सन्धिले संसदको दुवै सदनको दुई तिहाइ बहुमत लिनुपर्ने फैसला दिएपछि पनि कोइरालाले न त्यो धोखाघडीबापत राजीनामा दिए, न त संसदसमक्ष माफी नै मागे ।

त्यसको १० महिनापछि अर्थात् सन् १९९२ अक्टोबरमा भारतीय प्रधानमन्त्री पी. भी. नरसिंह रावले नेपालमा आउँदा भारतलाई उपभोग गर्न दिइएको २.९ एकड या ५७७ गज जमिनको सार्वभौम अधिकार नेपालसँगै रहने घोषणा गरेर कोइरालाको प्रतिरक्षा गरेका थिए । तर, कोइराला स्वयंले कहिल्यै यस्तो स्पष्टीकरण दिन उचित ठानेनन् ।

वालेन्द्र शाह झन्डै ४-५ महिनाको आनाकानीपछि केही दिनमा दिल्ली जाँदै छन् । कूटनीतिमा विद्यमान समस्या सम्बोधन, तनाव न्यूनीकरण र साझा विकास तथा समृद्धि तथा सहयात्रामा यस्ता भ्रमणले महत्त्वपूर्ण अर्थ राख्छ । तर, यस्ता भ्रमण राष्ट्रिय स्वार्थविपरीत दुरुपयोग भएका प्रशस्त उदाहरण पनि छन् मुलुकमा ।

०६२ मंसिरमा भारतमै रहेका नेपाली माओवादी नेतृत्वले दिल्लीकै मध्यस्थता र सहभागितामा माओवादीलाई नेपालको सत्ता र मूलधार राजनीतिमा केन्द्रीय भूमिका दिलाइयो ।

माओवादीलाई त्यसबेला भारत सरकारले आतंकवादी बिल्ला भिराएको थियो । यो सहमति भारतमा कांग्रेस नेतृत्वको सरकार भए पनि त्यसको ८ वर्षदेखि लगातार अहिलेसम्म भारतीय जनता पार्टीको मोदी नेतृत्वको सरकारले त्यो नीतिलाई निरन्तरता दिएको छ ।

भारतले माओवादी आतंकवादी दर्शन र राजनीतिलाई आन्तरिक खतरा मान्दै अस्वीकार गरेको छ त्यसलाई मोदी सरकारले 'वैचारिक' हिसाबले पनि त्यो दर्शन र सिद्धान्त अपनाउन निरुत्साहित गर्दै आएको छ ।

'दिमागी नक्सल' लाई त्यहाँ केन्द्रीय सत्ताले दण्डनीय सोचका रूपमा लिए पनि नेपालमा त्यस्तो मान्यता बोकेकासँगको सहकार्य र अनुमोदनलाई नीतिगत तथा व्यवहारगत रूपमा निरन्तरता नै दिइरहेको छ ।

'सार्वभौम समानता' को पक्षमा नेपालले लगातार आवाज उठाउँदै आएको छ । त्यसअनुरूप दुई पक्षीय मामिला र समस्या अनि अतीतका समझदारीलाई एकतर्फी रूपमा एउटा पक्षले त्यसलाई प्रभावित गर्नेगरी निर्णय गर्दा त्यसको अक्षर र मर्म कमजोर हुन जान्छ ।

भरतले नेपाल, भारत र बेलायतबीच सन् १९४७ नोभेम्बरमा भएको सहमति प्रभावित हुनेगरी एक पक्षीय रूपमा 'गोर्खा भर्ती' 'अग्निपथ' योजनाअनुरूप अर्थात् ४ वर्षका लागि मात्र हुने नीति घोषणा गरेको थियो ।

तत्पश्चात्, त्यो भर्तीमा नेपालले पूर्णतः असहयोग गर् यो र अहिले त्यो बन्द छ । तर, वालेन्द्र शाहको यात्राभन्दा केही दिनअघि मात्र भारतले ४ वर्षको भर्तीको त्यो नयाँ योजनालाई ६ वर्षको गर्ने र त्यसपछि पनि बहिर्गमितहरूलाई अन्य सुरक्षा निकायमा अवसर प्राप्त हुन सक्ने अभिव्यक्ति दिएको छ ।

तर, दुई देशबीचको सम्झौता स्पष्ट सहमतिबाट मात्र निर्देशित हुनुपर्छ । भारत जान लागेका अनुभवहीन भए पनि प्रधानमन्त्रीले यो तथ्यलाई बुझ्नु आवश्यक छ ।

कूटनीतिमा यो असमान व्यवहार किमार्थ हुनु हुँदैन । त्यसमा साझा समृद्धिका प्रचुर सम्भावना छन् । नेपाल-भारत सम्बन्ध बहुआयामिक र व्यापक छन् । तर, दुवै पक्षले अतीतमा अपनाएका आपत्तिजनक व्यवहारलाई त्यागेमा जनस्तरीय सम्बन्धमा विस्तार र विश्वासको सम्मान बढ्नेछ ।

पहिलो भारतले 'प्रजातन्त्र' लाई रणनीतिक स्वार्थसँग जोडी नेपालमा सत्ता परिवर्तनसँग जोड्दै आएको छ । उसको अवधारणामा नेपाल भारतविरोधी शक्तिको खेल थलो हो र नेपाल त्यसलाई प्रभावकारी रूपमा प्रतिवाद गर्न इच्छुक देखिएको छैन । नेताहरूका निजी स्वार्थ यसका मुख्य रूपमा जिम्मेवार छन् ।

टनकपुरीय व्यवहारबाट भारतलाई खुसी बनाउने प्रयास गर्दै आएको छ नेपाल । त्यस्तै, नेपाली नेता र प्रजातन्त्र भारतले दिलाएको मान्यता राख्ने नेताहरूले अक्सर भारतको ऋण तिर्ने प्रयास गर्दै आएका छन् । यो आचरणमा परिवर्तन हुनै पर्छ ।

दुई पक्षीय समस्यामा व्यापक र गहन छलफल अनि साझा मान्यता निर्माण आजको आवश्यकता हो । प्रधानमन्त्री वालेन्द्र शाहले उनको यो भ्रमण एउटा औपचारिकता भन्दा पनि नतिजा लक्षित र थाती रहेका ठूला समस्या समाधानतर्फ उन्मुख हुनुपर्ने आफ्नो चाहना भारतीय पक्षलाई जानकारी गराएका छन् ।

अनौपचारिक र औपचारिक छलफल तथा निर्णय, त्यसको पारदर्शिता र प्रक्रियाले विशेष अर्थ राख्छ । यसपल्ट पनि मुलुकलाई 'मैले प्रतिनिधित्व गरेको छु' भन्ने मान्यता प्रधानमन्त्रीको छ ।

तर, मैले मुलुककै एजेण्डा बोकेर दिल्ली जाँदै छु भनी प्रस्तुत हुन प्रधानमन्त्रीद्वारा आन्तरिक रूपमा कुनै गृहकार्य भएको देखिँदैन । बरु सत्ताधारी पार्टीका अध्यक्ष रवि लामिछानेले केही महिनापूर्व त्यहाँ जाँदा भारतमा पाएको औपचारिक सम्मान, अर्थमन्त्री स्वर्णिम वाग्लेले त्यहाँ हालै दिएको अभिव्यक्तिहरूले नेपाललाई कमजोर बनाएको छ । प्रधानमन्त्री पक्कै पनि कालापानी, सुस्तालगायत सीमा समस्या समाधान 'ट्र्याकमा आओस्' र नेपालले अर्बौं खर्च गरेर निर्माण गरेका भैरहवा, पोखरा विमानस्थलले भारतीय वायु मार्गमार्फत सञ्चालनको अवसर पाओस् भन्ने चाहना राख्नु अस्वाभाविक हैन ।

त्यसबापत ती विमानस्थलको सञ्चालन र प्रबन्धन उतैको निजी पक्षले पाउनुपर्ने 'अपारर्शी' निर्णय भएमा टनकपुरकै परिणिति निम्त्याउनेछ त्यसले ।

मलेसिया कामदार प्रकरण-

मेडिकल व्यवसायी कैलाश खड्का 'मास्टरमाइन्ड' !

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ३ मंसिर

मलेसिया जाने कामदारलाई म्यानपावर तथा मेडिकल व्यवसायीमार्फत अतिरिक्त शुल्क असुलेर ठगी गरेको आरोपमा दुई पूर्वमन्त्रीसहित उच्चपदस्थ सरकारी कर्मचारी (अवकाशप्राप्तसहित) पक्राउ परेपछि रोचक तथ्य बाहिर आएको छ । पक्राउ पर्नेमध्ये मेडिकल व्यवसायी कैलाश खड्का यो प्रकरणको 'मास्टरमाइन्ड' रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो



(सीआईबी) ले बुधबार साँझ तत्कालीन श्रममन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादव, तत्कालीन श्रमसचिव विनोद केसी, श्रम मन्त्रालयको तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव उमेश ढुंगाना, अर्का सहसचिव राजीव पोखरेल र श्रम मन्त्रालयको तत्कालीन कानून अधिकृत एवं उपसचिव निर्मला गुरुङलाई पक्राउ गरेको थियो । सीआईबीले यसअघि असोज २९ मै मेडिकल व्यवसायी खड्कालाई पक्राउ गरेको थियो ।

सीआईबीका अनुसार खड्काले नेपालमा माइक्रोटेक नामक कम्पनी स्थापना गरेका थिए । मलेसिया जाने कामदारको बायोमेट्रिक गर्ने भनिए पनि खड्काले कम्पनी दर्ता गरे, आवश्यक स्वीकृति नलिएको अनुसन्धानबाट खुलेको छ ।

शुरूमा यो प्रकरणको पटाक्षेप तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले गरेका थिए । जिल्ला प्रहरी परिसर काठमाडौंले २०७५ जेठमा खड्कासहित पाँच जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो । तर, मुद्दाको वादी नखुलेको र उजुरबाजुर नभएको भन्दै अदालतले माघमा खड्कासहितलाई सफाइ दिएको थियो ।

अधिकार...

भाषा आयोगको सिफारिसलाई पनि महत्वपूर्ण आधार बनाइएको छ । संविधानको धारा २८७ बमोजिम गठित भाषा आयोगले जनसंख्याको आधार, ऐतिहासिकता र भाषिक पहिचानलाई विचार गरी कर्णाली प्रदेशमा नेपाली भाषाका अतिरिक्त मगर भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न नेपाल सरकारसमक्ष सिफारिस गरेको निवेदनमा उल्लेख छ ।

आयोगका तत्कालीन अध्यक्ष डा. लवदेव अवस्थीले २०७८ भदौ २१ गते सरकारी कामकाजको भाषासम्बन्धी प्रतिवेदन पेस गरेका थिए ।

तर आयोगको सिफारिस र संवैधानिक व्यवस्थाका बाबजुद प्रदेशमा आवश्यक कानुन निर्माण हुन नसकेको विषयलाई निवेदकले राज्यको भाषिक नीतिको कार्यान्वयनसँग जोडेर उठाएका छन् ।

खस भाषाको हकमा भने यसको ऐतिहासिकता, कर्णालीसँगको सम्बन्ध र जनसंख्याको आधारलाई ध्यानमा राखेर सरकारी कामकाजको भाषाको मान्यता दिनुपर्ने माग गरिएको छ ।

निवेदकका अनुसार सरकारी कामकाजको भाषा निर्धारणसम्बन्धी कानुन नबन्दा खस र मगर भाषी नागरिक आफ्नो मातृभाषामा सरकारी सेवा प्राप्त गर्ने, सूचना पाउने र भाषिक पहिचानलाई संस्थागत गर्ने अवसरबाट वञ्चित भइरहेका छन् ।

अन्य प्रदेशले सरकारी कामकाजको भाषासम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनको प्रक्रिया अघि बढाइसकेको अवस्थामा कर्णालीमा प्रक्रिया नै अगाडि नबढ्नु संवैधानिक दायित्वप्रतिको उदासीनता भएको निवेदकको आरोप छ ।

सरकारी...

जिल्लाहरू डोल्पा, हुम्ला र मुगुमा भोटे तथा डोल्पाली भाषाको उपस्थिति छ । जुम्ला र आसपासका क्षेत्रमा जुम्ली भाषिका प्रचलित छ । सुर्खेत उपत्यकामा थारु भाषी समुदायको उल्लेख्य उपस्थिति छ । यसबाहेक विभिन्न समुदायले आफ्नै मातृभाषा प्रयोग गर्दै आएका छन् । तर प्रदेशको प्रशासनिक कामकाजमा नेपाली भाषाबाहेक अन्य भाषाको प्रयोग सुनिश्चित गर्ने कानुन नबन्दा भाषिक विविधता र सरकारी संरचनाबीच दूरी कायम रहेको निवेदकको जिकिर छ । यसले ४९ भाषा बोलिने प्रदेशमा राज्यको सेवा प्रवाह, सूचना सम्प्रेषण र सार्वजनिक प्रशासन भाषिक रूपमा कति समावेशी छ ? भन्ने प्रश्न उठाएको छ ।

भाषा संवादको माध्यमसँगै समुदायको इतिहास, संस्कृति, सामाजिक सम्बन्ध र पहिचानसँग जोडिएको विषय हो । मातृभाषामा सरकारी सूचना प्राप्त गर्ने, सार्वजनिक सेवासँग जोडिने र राज्यका निकायसँग संवाद गर्ने अवसर नहुँदा भाषिक रूपमा अल्पसंख्यक समुदायले व्यावहारिक कठिनाइ भोग्न सक्ने अवस्था रहन्छ ।

मोटरबाटो पुगे पनि विद्युत् विस्तार हुन सकेन

काँक्रेविहार संवाददाता
दैलेख, ३ मंसिर

चामुण्डा बिन्द्रासैनी नगरपालिका-१, पाल्त र सिमसेर गाउँमा विद्युत् पुग्न सकेको छैन । गाउँमा मोटरबाटो पुगे पनि विद्युत् विस्तार हुन नसक्दा स्थानीयले दैनिक सास्ती भोग्दै आएका छन् ।

विद्युत् सुविधा नहुँदा विद्यार्थीको पढाइ, मोबाइल चार्ज, सञ्चार सम्पर्क तथा घरायसी काम गर्न समस्या भएको छ । पाल्त, सिमसेर र केसी गाउँमा विद्युत् अभावकै कारण स्थानीयवासीले सौर्य ऊर्जा, टुकी र अन्य वैकल्पिक माध्यमको भर पर्नुपर्ने अवस्था छ । स्थानीयवासीले पटक पटक विद्युत् विस्तारको माग गर्दै आए पनि अहिलेसम्म सेवा पुग्न सकेको छैन । सडक




विस्तारसँगै गाउँमा विद्युत् लगायत आधारभूत सुविधा पुऱ्याउनुपर्ने उनीहरूको माग छ । चामुण्डा बिन्द्रासैनी नगरपालिका-१, पाल्तगाउँका स्थानीय तपेन्द्र सिंहले अहिलेसम्म गाउँमा विद्युत् नपुग्दा स्थीयवासी अँध्यारोमा बस्नु परेको बताए । नगरपालिकाले आवश्यक सहयोग नगर्दा विद्युत् विस्तार हुने स्थानीयको आशा निराशामा परिणत भएको उहाँको भनाइ छ । विद्युत् नहुँदा बालबालिकालाई रातिको समयमा पढ्न, घरायसी काम गर्न तथा सञ्चारका साधन प्रयोग गर्न समस्या भएको उनले बताए । सडक पुगे पनि विद्युत् पुऱ्याउन बर्सौंदेखि आग्रह गरिरहँदा पनि सुनुवाइ नभएको गुनासो उनको छ । उनले सम्बन्धित निकायलाई तत्काल विद्युत् विस्तारको व्यवस्था गर्न माग गरे ।

यस्तै चामुण्डा बिन्द्रासैनी नगरपालिका-१ का वडाका पाल्टटोलका करिब ५० र केसी टोलका १० घरधुरीमा विद्युत् सेवा नपुगेको वडाध्यक्ष उदय कामीले बताए । वडा कार्यालयले विद्युत् विस्तारका लागि पहल गरे पनि विद्युत् कार्यालय, नगरपालिकाबाट आवश्यक सहयोग र बजेट उपलब्ध नहुँदा काम अघि बढाउन नसकिएको उनले जनाए । यता विद्युत् विस्तारका लागि कार्यक्रम तथा बजेट स्वीकृत भए काम अघि बढाइने नेपाल विद्युत् प्राधिकरण दैलेखका प्रमुख टङ्कराज गिरीले बताए । उनले विद्युत् लाइन विस्तारका लागि बजेट माग गरिएकाले बजेट प्राप्त भएपछि काम सुरु गरिने जानकारी दिए । जिल्लाका विभिन्न स्थानमा विद्युत् सेवा विस्तार, लाइन मर्मत तथा विद्युत् पोल गाड्ने काम भइरहेको प्राधिकरणले जनाएको छ ।

जोखिमयुक्त क्षेत्रमा धमाधम घर निर्माण

काँक्रेविहार संवाददाता
कालीकोट, ३ मंसिर

कालीकोट सदरमुकाम मान्म बजार पहिरोको उच्च जोखिममा छ । सदरमुकामको पूर्वतिरको जिरो प्वाइन्ट क्षेत्र असुरक्षित छ भन्ने १७ वर्षअघि गएको पहिरोले पुष्टि गर्छ । २०६६ सालमा सदरमुकाम मान्मको पूर्व क्षेत्र जिरो प्वाइन्टमा पहिरो गयो । त्यस क्षेत्रमा धेरै घर नबनिसकेकाले भौतिक तथा मानवीय क्षति भएन । केही घर चर्किएका थिए भने जमिन भासिँदै गएको थियो । त्यहाँ २०७० सम्म कसैले पनि घर बनाएनन् । तर अहिले जिरो प्वाइन्टमा तीनदेखि सात तलासम्मका घर धमाधम बनेका छन् । २०६६ सालको पहिरोलाई प्रत्यक्ष देखेकाले घर नबनाउन सुझाव दिए पनि जग्गाधनीले भने जोखिमको कुनै प्रवाह गरेका छैनन् । १७ वर्षपछि पुनः जिरो प्वाइन्टमा पहिरोको जोखिम बढेको छ ।



प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको विपत् प्रतिकार्य योजना निर्माण समितिले प्रत्येक वर्षको योजनामा जोखिम उल्लेख गरेको हुन्छ तर पनि नागरिकले विश्वास नगर्दा कालीकोटको यो क्षेत्र कुनै समय ठुलो पहिरोको चपेटामा पर्ने खतरा बढेको छ ।

घरको जग खन्दा पहिरोले केही घर पुरिएका छन् भने थप जोखिम बढिरहेको छ । यहाँको खाँडाचक्र नगरपालिका यसमा मूकदर्शक मात्र होइन, पहिरो निम्ताउने प्रमुख कारक नै बनेको छ । सरकारी प्रतिवेदनले पहिरोको उच्च जोखिम भनेर उल्लेख गरिएको क्षेत्रमा नगरपालिकाले प्रशासनिक भवन निर्माण गर्दा अहिले नागरिकका १४ घरभन्दा बढी जोखिममा छन् भने बजारको मूल सडक पहिरोले बगाएर दुई वर्षयता सडक बन्द छ ।

नागरिक अगुवा तथा विपत्को क्षेत्रमा काम गर्दै आएका लीलाराम न्यौपानेले आँखैअगाडिको घटना बिर्सने नागरिक र सरकारी निकायका कारणले भोलि मानवीय क्षति भोग्नुपर्ने नियति आउन सक्ने बताए । १७ वर्षअगाडिको घटनालाई बेवास्ता गरेर पहिरोको जोखिममा धमाधम घर नबनाउन उनले सुझाव दिए ।

१३ प्रतिशत पनि पुगेन लुम्बिनी सरकारको कात्तिक मसान्तसम्मको बजेट खर्च

काँक्रेविहार संवाददाता
बुटवल, ३ मंसिर

लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामा कुल बजेटको १२.७४ प्रतिशत मात्रै खर्च गरेको छ ।प्रदेश सरकारले कार्तिक मसान्तसम्म ४ अर्ब ७६ करोड १४ लाख रुपैयाँ खर्च गरेको हो । यस अवधिमा चालुतर्फ १७ प्रतिशत र पुँजीगततर्फ करिब १० प्रतिशत बजेट खर्च भएको छ ।

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट ल्याएको थियो । त्यसमध्ये पुँजीगततर्फ २२



अर्ब ७१ करोड ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ । कार्तिक मसान्तसम्म पुँजीगततर्फ २ अर्ब १९ करोड १३ लाख रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय लुम्बिनी प्रदेशले जनाएको छ ।

त्यस्तै, चालुतर्फ १४ अर्ब ६६ करोड ७९ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा हालसम्म २ अर्ब ५७ करोड २७ लाख रुपैयाँ खर्च भएको छ । विकास निर्माणका काम हुने पुँजीगत बजेट खर्चको गति सुस्त देखिएको छ । चालु खर्चको तुलनामा पुँजीगत खर्च निकै कम हुँदा प्रदेश सरकारको समग्र बजेट कार्यान्वयनमा चुनौती देखिएको छ । तर सरकारका प्रवक्ता एवं स्वास्थ्य मन्त्री रामजी घिमिरेले भने अहिलेको खर्चलाई अन्यथा लिन नहुने बताएका छन्। उनले यो महिना मात्रै ठेक्का प्रक्रिया अघि बढाउने तथा अन्य ठूला खर्चका प्रक्रिया सुरु भएकाले खर्च कम देखिएको स्पष्ट पारे

उनले विकास निर्माणका कामबाट खर्च हुने समय अझै सुरु नभएकाले अहिलेको खर्चको अवस्थालाई अस्वाभाविक मान्न नहुने बताए ।

आठ वर्षपछि बसपार्क सञ्चालन

काँक्रेविहार संवाददाता
जुम्ला, ३ मंसिर

निर्माण सम्पन्न भएको झन्डै आठ वर्षपछि जुम्ला सदरमुकाम खलङ्गास्थित बसपार्क सञ्चालनमा आएको छ । जग्गा विवाद र व्यवस्थापनको अन्योलका कारण लामो समय प्रयोगविहीन बनेको बसपार्क चन्दननाथ नगरपालिका, जिल्ला प्रशासन कार्यालय र यातायात व्यवसायीको संयुक्त पहलमा सोमबारदेखि सञ्चालनमा आएको हो । करोडौँ रुपियाँ लगानी गरेर निर्माण गरिएको बसपार्क सञ्चालनमा नआउँदा सदरमुकाम खलङ्गा बजार क्षेत्र नै अस्थायी पार्किङ स्थलका रूपमा प्रयोग हुँदै आएको थियो ।

लामो तथा छोटो दुरीका बस, ट्रक, जिप, टिप्पर र अटोलगायतका सवारीसाधन सडकपेटीमै पार्किङ गर्दा बजारको यातायात व्यवस्थापन अस्तव्यस्त बन्दै गएको थियो । यातायातका विभिन्न प्रालिका टिकट काउन्टर बजारका कुना कुनामा सञ्चालन हुँदा यात्रुले समेत सास्ती भोग्नु परेको थियो । २०७६ सालमा करिब एक करोड ६० लाख रुपियाँ लागतमा निर्माण गरिएको बसपार्कमा भवन, नाला, पार्किङ क्षेत्र, टिकट काउन्टर र शौचालयलगायतका संरचना निर्माण गरिएका थिए ।

तर जग्गा विवाद तथा कुन यातायात प्रालिले बसपार्क सञ्चालन गर्ने भन्ने अन्योलका कारण निर्माण सम्पन्न भएको लामो समयसम्म पनि प्रयोगमा आउन सकेको थिएन । संरक्षण र नियमित प्रयोगको अभावमा बसपार्कका केही संरचनासमेत जीर्ण बन्दै गएका छन् । बसपार्क सञ्चालनमा ल्याउन विभिन्न समयमा प्रयास भए पनि सहमति कार्यान्वयन हुन सकेको थिएन । गत असारको पहिलो साता भएको छलफलमा असार १० गतेदेखि बसपार्क सञ्चालन गर्ने सहमति भएको थियो तर उक्त सहमतिसमेत कार्यान्वयन हुन सकेन । पछिल्लो समय अभियन्ता उपेन्द्र बुढथापाको टोलीले बसपार्क सञ्चालनको माग गर्दै चन्दननाथ नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा दबाब सिर्जना गरेको थियो । त्यसपछि नगरपालिका र प्रशासनको सक्रियतामा यातायात व्यवसायीसँग निरन्तर छलफल तथा संवाद गरी बसपार्क सञ्चालनमा ल्याइएको चन्दननाथ नगरपालिकाका नगरप्रमुख राजुसिंह कठायतले बताए । उनका अनुसार लामो समयदेखि रोकिएको समस्या समाधान गर्न सम्बन्धित पक्षबिच समन्वय र सहकार्य गरिएको हो । बसपार्क सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी तिला कर्णाली यातायात सेवा प्रालिले लिएको छ । बसपार्क सञ्चालनमा आएसँगै यातायात सेवालाई व्यवस्थित, सहज र नागरिकमैत्री बनाउने तयारी भइरहेको तिला कर्णाली यातायात प्रालिका पदम भण्डारीले बताए । उनका अनुसार अब सबै यातायातका साधन बसपार्कबाटै छुट्ने गरेका छन् । यसले यात्रुलाई टिकट काट्न बजारका विभिन्न स्थानमा धाउनुपर्ने बाध्यताको अन्त्य गर्ने उनको भनाइ छ । यद्यपि बसपार्कमा अझै खानेपानी र विद्युत्को समस्या रहेको अध्यक्ष भण्डारीले बताए । लामो समयसम्म प्रयोगमा नआएका कारण जीर्ण बनेका संरचनाको मर्मतसम्भार गर्नुपर्ने आवश्यकता पनि छ ।

चन्दननाथ नगरपालिकाले सञ्चालनमा आएका संरचनाको आवश्यक मर्मत गर्ने तयारी गरेको जनाएको छ । मुख्य सडकदेखि बसपार्कसम्म पुग्ने बाटोका लागि जग्गा व्यवस्थापन तथा आवश्यक प्रक्रिया अघि बढाउन नसक्दा पनि सञ्चालनमा ढिलाइ भएको थियो । पछिल्लो समय प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले बसपार्क सञ्चालनका लागि विशेष चासो देखाएपछि सम्बन्धित निकायबिच समन्वय बढेको थियो ।

४९ भाषा...

कसरी हुने भन्ने स्पष्ट कानुनी आधार निर्माण हुन सकेको छैन ।

ऐन बनाउन परमादेशको माग

रिट निवेदनमा कर्णाली प्रदेश सभाको चालु अधिवेशनबाटै 'कर्णाली प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी ऐन' अविलम्ब निर्माण गरी कार्यान्वयनमा ल्याउन माग गरिएको छ ।

नेपाली भाषाका अतिरिक्त खस र मगर भाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रशासनिक र नीतिगत प्रबन्ध मिलाउन परमादेश जारी गर्न अदालतसँग माग गरिएको छ । निवेदकले संविधानको धारा १४४ को उपधारा (१) र (२) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ४१ बमोजिम परमादेशलगायत उपयुक्त आदेश जारी गर्न माग गरेका छन् ।

रिटमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश सभा र प्रदेश सभा सचिवालयलाई कानुन निर्माणको प्रक्रियामा जिम्मेवार निकायका रूपमा उल्लेख गरिएको छ । संविधानका धारा ६, ७, १८, २०, ३२, ४६, ४८, १६२, १७५, १९५, १९७, २०१ र २०२ तथा अनुसूची-६ को क्रमसंख्या १८ लाई कानुनी आधारका रूपमा प्रस्तुत गरिएको छ ।

साथै, राष्ट्रिय जनगणना २०७८ को भाषिक तथ्यांक, भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस र निवेदकको परिचय खुल्ने कागजातसमेत रिटसँग संलग्न गरिएको छ । कर्णालीमा ४९ वटा भाषा बोलिन्छन् । तीमध्ये नेपाली भाषीको संख्या सबैभन्दा ठूलो छ । तर भाषिक विविधताको संरक्षण गर्नु बहुसंख्यकको भाषा मात्रै स्थापित गर्नु होइन, अन्य भाषिक समुदायको पहिचान र अधिकारलाई पनि राज्यको संरचनामा स्थान दिनु हो ।

खस भाषाको ऐतिहासिक विरासत, मगर समुदायको भाषिक उपस्थिति र हिमाली जिल्लादेखि सुर्खेत उपत्यकासम्म फैलिएको भाषिक विविधताले कर्णालीको आफ्नै भाषिक नीति आवश्यक रहेको देखाउँछन् । ४९ भाषा बोलिने कर्णालीमा भाषिक विविधता तथ्यांकमा देखिन्छ, तर सरकारी कामकाजमा त्यसको संस्थागत उपस्थिति अझै स्थापित हुन सकेको छैन ।

यही विरोधाभास अन्त्य गर्न अब अदालतको आदेश कुर्नुपर्ने हो वा प्रदेश सरकारले आफ्नै संवैधानिक जिम्मेवारीअनुसार ऐन निर्माणको पहल गर्ने हो, त्यो आगामी प्रक्रियाले स्पष्ट पार्नेछ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

१०औं राष्ट्रिय खेलकुदको तयारी अन्तिम चरणमा, ११ टोलीका खेलाडीबीच १३३७ पदकका लागि भिडन्त



❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ३ मंसिर

कर्णाली प्रदेशमा आयोजना हुने १० औं वृहत राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ।

प्रतियोगिता सुर्खेतलाई केन्द्र बनाएर कर्णाली प्रदेशका विभिन्न जिल्लामा मंसिर १६ देखि २७ गतेसम्म आयोजना हुँदैछ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र कर्णाली प्रदेशले बिहीबार संयुक्त रूपमा पत्रकार सम्मेलन आयोजना गरी यससम्बन्धी जानकारी दिएका हुन्।

'प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। प्रशासनिक काम ९९ प्रतिशतत र भौतिक पूर्वाधारको काम ७० प्रतिशत पूरा भइसकेको छ,' राखेपका सदस्य-सचिव रामचरित्र मेहताले भने।

१०औं राष्ट्रिय खेलकुदका लागि गठित कार्य सम्पादन समितिका संयोजकसमेत रहेका मेहताले भौतिक पूर्वाधारको काम पनि दुई-तीन दिनभित्र समाप्त भइसक्ने जानकारी दिए।

उनले प्रतियोगिताका लागि सरकारबाट ४४ करोड १० लाख रूपैयाँ बजेट प्राप्त भइसकेको र आवश्यक्ता अनुसार अधिकतम ७२ करोड रूपैयाँसम्म खर्च गर्ने स्वीकृत पाएको जानकारी पनि दिए।

सदस्य-सचिव मेहताले १० औं राष्ट्रिय खेलकुदका लागि अहिले विभिन्न प्रदेशमा छनोट प्रतियोगिता सञ्चालन भइरहेको बताए।

कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले प्रतियोगितालाई सफल पार्न सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

'प्रतियोगिताको सम्पूर्ण कार्य अन्तिम चरणमा पुगेको छ। विभिन्न पक्षसँग समन्वय र सहकार्य पनि भइरहेको छ। प्रतियोगितालाई भव्य रूपमा सफल पार्न हामी प्रतिबद्ध छौं,' उनले भने।

सुर्खेतको वीरेन्द्रनगर स्थित प्रादेशिक रंगशाला हस्तान्तरणको काम पनि छिट्टै सम्पन्न हुने उनले बताए। 'ठेकेदारको तर्फबाट निर्माण कार्य सकिएको छ। अब केही दिनमा हस्तान्तरण हुनेछ,' उनले भने।

१०औं राष्ट्रिय खेलकुदमा ३२ खेलका तीन सय ८४ स्पर्धा समावेश गरिनेछ भने प्रतियोगितामा विभिन्न ११ वटा टोलीको सहभागिता रहनेछ।

सात प्रदेशसँगै तीनवटा विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपीएफ क्लबले प्रतियोगितामा सहभागिता जनाउनेछन्।

यसका अतिरिक्त, गैर-आवसीय नेपाली संघको टोलीले पनि प्रतियोगितामा भाग लिनेछ। गैर-आवासीय नेपाली संघको टोलीले यसअघि पनि वृहत राष्ट्रिय खेलकुदमा भाग लिएको थियो।

तीन महिनामा ७ खर्बभन्दा बढी रेमिट्यान्स भित्रियो

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ३ मंसिर

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा रेमिट्यान्स २७.२ प्रतिशतले वृद्धि भई ७ खर्ब ३ अर्ब ७० करोड रुपैयाँ पुगेको छ। नेपाल राष्ट्र बैंकले बिहीबार असोज मसान्तसम्मको वित्तीय रिपोर्ट सार्वजनिक गर्दै यस्तो तथ्यांक पेस गरेको हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३५.४ प्रतिशतले बढेको थियो। २०८३ असोज महिनामा मात्र विप्रेषण आप्रवाह २ खर्ब ६७ अर्ब ३४ करोड भित्रिएको राष्ट्र बैंकले जनाएको छ।

अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह २ खर्ब १ अर्ब २२ करोड रुपैयाँ रहेको थियो।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १६.७ प्रतिशतले वृद्धि भई ४ अर्ब ६० करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २९.२ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ७ खर्ब ६२ अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ६ खर्ब १० अर्ब ६१ करोड रुपैयाँ रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १ लाख २१ हजार ८७९ र पुनः श्रम स्वीकृति लिनेको संख्या ८२ हजार ३६९ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः १ लाख २३ हजार ४५९ र ७७ हजार २५७ रहेको थियो।

एन्फामाथिको निलम्बन र प्रतिबन्ध फुकुवा

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ३ मंसिर

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले अखिल नेपाल फुटबल संघ (एन्फा) माथिको निलम्बनसहित प्रशासनिक तथा आर्थिक प्रतिबन्ध हटाउने निर्णय गरेको छ।

राखेपको कार्यकारी समितिले आज एन्फामाथि लगाइएका सम्पूर्ण प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको हो। परिषद्ले निर्णय कार्यान्वयनमा आएसँगै एन्फामाथि लगाइएका प्रशासनिक र आर्थिक रोकावट पनि हटेको जनाएको छ।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले एन्फालाई सम्बोधन गरी पठाएको पत्रमार्फत प्रतिबन्ध फुकुवाको औपचारिक जानकारी दिए।

पत्रमा एन्फाले गत ५ अप्रिलमा पठाएको पत्रमार्फत गरेको अनुरोध तथा परिषद्बाट यसअघि विभिन्न समयमा जारी गरिएका पत्राचारलाई आधार बनाएर निलम्बन र प्रतिबन्ध हटाइएको उल्लेख छ।

पत्रमा भनिएको छ, 'राष्ट्रिय खेलकुद परिषद्को निर्णयअनुसार एन्फामाथि लगाइएका निलम्बन तथा प्रतिबन्धहरू फुकुवा गरिएको जानकारी गराइन्छ। यससँगै एन्फामाथि लगाइएका सबै प्रशासनिक तथा आर्थिक प्रतिबन्ध पनि हटाइएको छ।'

राखेपले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ को उपदफा (३) लाई आधार बनाएर प्रतिबन्ध फुकुवाको निर्णय गरेको पत्रमा उल्लेख छ।

स्थानीय...

महिला र दलित समुदायको प्रतिनिधित्व बढाउन सहयोग पुग्ने अभियानको दाबी छ।

गैरदलीय निर्वाचन प्रणाली लागू गर्न स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७, १८ र २६ लगायतका प्रावधान संशोधन गर्नुपर्ने अभियानको माग छ।

त्यस्तै, अभियानले निर्वाचन आयोग ऐन, २०७३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि आवश्यक संशोधन गर्नुपर्ने जनाएको छ।

अभियानले संविधानले दिएको थप ६ महिनाको अवधिसमेत उपयोग गरेर भए पनि गैरदलीय निर्वाचन प्रणाली सुनिश्चित भएपछि मात्रै निर्वाचन गर्नुपर्ने माग गरेको छ।

साथै, संशोधन गर्नुपर्ने कानुनी प्रावधानको मस्यौदा तयार गरी सरकारसमक्ष पेस गर्न र महिला तथा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउन आयोगसँग आग्रह गरेको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०४

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री राजन आचार्य र खेमराज ढकाल** धनी रहेको, **दर्ता नम्बर ३७१५/०७४/०७५** बाट **वीरेन्द्रनगर-११, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री देउती अटो पार्टस एण्ड इन्जिनियरिङ्ग वर्कशप** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड



